# पूजा सामग्रीहरुको बिवरण

**जानकारीको लागि सूचना**

यस डलास टेक्सास क्षेत्र वा अमेरिका लगायत विदेशमा बसोबास गर्ने हिन्दू धर्मावलम्बी नेपालीहरुले सनातन हिन्दु धार्मिक परम्परा अनुसार जन्मदेखि मृत्यु पर्यन्त सम्पन्न गर्ने पूजा, अनुष्ठान पितृ कार्य लगायतमा आवश्यक पर्ने मोटामोटी सामाग्रीहरुको बिवरण (लिष्ट) यस नेपाली सांस्कृतिक तथा आध्यात्मिक केन्द्र (एनसिएससि) बाट तयार गरी आफ्नो यस वेबसाइट (www.ourncsc.org) मार्फत प्रस्तुत गरिएको छ । यसलाई समय समयमा अद्यावधिक र परिमार्जन गरिने व्यहोरा जानकारी गराउँछौं ।

प्रस्तुत सामग्रीको बिवरणमा नेपालमा परपम्परागत रुपमा सम्पन्न गर्दा जरुरी मानिएका कतिपय सामाग्रीहरु यहाँ प्रस्तुत गरिएको बिवरणमा नपरेका हुनसक्छन् । तथापि, आफ्नो परम्परागत प्रचलन अनुसार र व्यवहारिक रुपमा उपलब्ध हुनसक्ने सामाग्रीहरुको उपयोग गरी अथवा स्थानिय उपलब्धिको आधारमा कार्य सम्पन्न गर्नको लागि आ-आफ्नो चलन अनुसार गर्न हाम्रो सनातन हिन्दू धर्मशास्त्रले पर्याप्त लचकता प्रदान गरेकै छ । सो स्मरण गराउँदै प्रस्तुत बिवरणलाई सन्दर्भसंग गाँसेर र व्यावहारिकता हेरी उपयोग गर्नुहुन सबैमा यस संस्थाको हार्दिक अनुरोध छ ।

## श्री गणपति (गणेश)

- दूर्वा (दूवो) - २१ मुण्टा, लड्डू - २१ वटा
- रातो, सेतो वस्त्र - १।१ गज वा मिटर
- पूजा सामानः अवीर, सिंदूर, केशरी, जौ, तील, धुप, बत्ती, सस्र्यूँ, कपूर
- जनै ३ जोर, सिंगो सुपारी ३ गोटा, रक्षा बन्धनको धागो
- पञ्चामृत - दूध, दही, घ्यू, चीनी, मह
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि, पञ्चपल्लव, आँप पिपलको अथवा पानको पात
- रातो फुल - १ बुके, फुलको माला - १
- केरा, अंगूर आदि फल नैबेद्य
- मिठाई, पक्वान्न नैवेद्य
- चामल २ पाउण्ड जति
- रातो पेपर वा प्लाष्टिकको प्लेट र कचौरा १५।१५ थान
- सौभाग्यको सामान - १ जोर
- आल्मुनियम फ्वायल - १ रोल, पेपर टावेल - १ रोल
- खुद्रा, भेटीको लागि
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।

**लाग्ने समय अन्दाजी १ घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ । तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

## प्रतिष्ठित देवी देवताको अर्चना अथवा पूजा

- अपूंगो (अपूप) नैबेद्य
- पूजा सामानः अवीर, सिंदूर, केशरी, जौ, तील, धुप, बत्ती, सर्स्युँ
- पानको पात, नरीवल,
- सिंगो सुपारी - १५, जनै ५ वटा,
- रक्षा बन्धनको धागो
- पञ्चामृत - दूध, दही, घ्यू, चीनी, मह
- घ्यू मिष्ठान्न पकवान्न
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि
- केरा, अंगूर आदि फल नैबेद्य
- रातो, सेतो, पहेँलो वस्त्र
- अर्चना गरिने देवी अथवा देवतालाई लगाइदिने धोती वा वस्त्र (गच्छे र श्रद्धा अनुसार)
- घ्यूमा भिजाएको बत्ती, धूप
- चढाउने फूल - २ बुके
- पूर्णपात्र, दक्षिणा
- रातो पेपर वा प्लाष्टिकको प्लेट २५, र कचौरा - ५० गोटा
- प्लाष्टिक चम्चा - १० वटा जति
- आल्मुनियम ट्रे - २
- आल्मुनियम फ्वायल - १,
- पेपर टावेल - १ रोल
- खुद्रा भेटीको लागि
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।

**लाग्ने समय अन्दाजी - १ देखि १.५ घण्टा**

**महाप्रसादको बिषयमा प्रबन्धकसंग सम्पर्क राख्नु हुन अनुरोध छ ।**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ । तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

## <u>शुभ बिवाह</u>

- पूजा सामानः अवीर, सिंदूर, केशरी, जौ, तील, धुप, बत्ती, सर्स्युं
- फूल, पान, नरीवल, सिंगो सुपारी - १५, जनै ५ वटा, रक्षा बन्धनको धागो
- पञ्चामृत - दूध, दही, घ्यू, चीनी, मह
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि
- केरा, अंगूर आदि फल नैबेद्य
- रातो, सेतो, पहेँलो वस्त्र १।१ गज वा मिटर
- सेतो कपडा २.२५ यार्ड (सवा दुई गज वा) मिटर (आँचल, लग्नग्रन्थी)
- सेतो (सिंदूरे) वस्त्र २ गज वा मिटर
- लावा भुट्ने (रातो) कपडा १ गज वा मिटर
- घरमा पकाएको कसार, मिष्ठान्न पकवान्न नैबेद्य
- चढाउने फूल २ बुके
- धानको लावा सानो प्याकेट - १
- हवन सामग्री १ प्याकेट,
- हवनको लागि जौ, तिल, चामल गरी - जम्मा २ पाउण्ड जति
- हवन गर्ने घ्यू ८ औंस जति
- रेखी हाल्ने (गहुँ वा चामलको) पिठो २ मुठी
- रातो पेपर वा प्लाष्टिकको प्लेट र कचौरा - २५।२५ गोटा
- प्लाष्टिक चम्चा - ५ वटा जति
- आल्मुनियम ट्रे - २
- आल्मुनियम फ्वायल - १, पेपर टावेल - १ रोल
- चामल ५ पाउण्ड जति
- नाङ्लो वा किस्ति - १
- खुद्रा भेटी
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।
- अरु आफ्नो चलन चल्ती अनुसार
- मन्दिरबाट उपलब्ध हुनेः कलस ५, हवन कुण्ड, कुश र आवश्यक पूजाका भाँडाहरु ।

**लाग्ने समय अन्दाजी - ३ देखि ४ घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ । तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

**श्री चन्द्रमा पूजाः**

- श्रीखण्ड चन्दन, अवीर, सिंदूर, केशरी, जौ, तिल सेतो फूल, दुबो, दही, शंख
- जनै र सिङ्गो सुपारी ५।५ गोटा
- सर्स्यूं, चढाउने फूल, धुप, बत्ती
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि
- रक्षा बन्धनको धागो
- सेतो कपडा २ गज वा मिटर
- रातो कपडा १ गज वा मिटर
- केरा, अङ्गूर, स्याउ आदि फल नैवेद्य
- पञ्चामृतः दुध, दही, घ्यू, चिनी, मह
- हवन सामग्री १ प्याकेट
- हवन गर्न घ्यू ८ औंस जति
- सुकेको नरीवल - १ गोटा
- खुद्रा भेटी
- सेतो पेपर वा स्टेराफोम प्लेट र कचौरा - १५।१५ थान
- प्लाष्टिक चम्चा - ५
- आल्मुनियम फ्वाइल - १
- पेपर टावेल - १ रोल
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।

**पूजाको लागि लाग्ने समय अन्दाजी १ घण्टा**

*स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ । तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।*

# पूजा सामग्रीहरुको बिवरण

**अन्न प्राशन (पास्नी)**

- श्रीखण्ड चन्दन, अवीर, सिंदूर, केशरी, जौ, तिल, दुवो, सस्यूँ
- फूल - १ बुके,
- फुलको माला - १
- सिङ्गो सुपारी - ११, जनै ५ जोर
- रातो सेतो वस्त्र १।१ गज
- केरा, अङ्गूर, स्याउ आदि फल नैवेद्य
- पञ्चामृतः दुध, दही, घ्यू, चिनी, मह
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि
- रक्षा बन्धनको धागो
- पायस (खीर) दाल, तरकारी, अचार आदि
- खुद्रा भेटी
- राता पेपर वा प्लाष्कि प्लेट र कचौरा - १५।१५ थान
- आलमुनियम फ्वायल - १
- पेपर टावेल - १ रोल
- प्लाष्टिक चम्चा - ५
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।

**लाग्ने समय अन्दाजी १ घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ । तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

**नामकरण (न्वारान)**

- श्रीखण्ड चन्दन, अवीर, सिंदूर, केशरी, जौ, तिल, दुवो, सस्यूँ, भलायोको दाना,
- धानको ढुटो १ मुठी जति
- फूल - १ बुके,
- मिठाई नैवेद्य
- सस्यूं, धुप, बत्ती
- रक्षा बन्धनको धागो
- रातो सेतो वस्त्र १।१ गज वा मिटर
- केरा, अङ्गूर, स्याउ आदि फल नैवेद्य
- पिपल वा पानको पात - २
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि
- पञ्चामृतः दुध, दही, घ्यू, चिनी, मह
- हवन सामग्री १ प्याकेट
- हवन गर्न घ्यू ८ औंस जति
- चामल ४ पाउण्ड जति
- सुकेको नरीवल - १ गोटा
- खुद्रा भेटी
- रातो पेपर वा प्लाष्टिक प्लेट र कचौरा - १५।१५ थान
- प्लाष्टिकको चम्चा - १० गोटा
- आल्मुनियम फ्वाइल - १
- पेपर टावेल - १ रोल
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।

समयमै सम्पर्क गरेमा बजारबाट किन्न नपर्ने (बाह्मणले ल्याउने) सामाग्रीः कुश, जनै, सुपारी, गाईको गहुँत, शंख, घण्ट, रक्षाबन्धनको धागो, हवन-कुण्ड ।

**लाग्ने समय अन्दाजी १ घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ । तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

## श्री रुद्राभिषेक (रुद्री)

- श्रीखण्ड चन्दन, अवीर, सिंदूर, केशरी, जौ, तिल, दुबो, तुलसी पत्र, बेल पत्र नरिवल
- अपुङ्गो (अपूप) नैवेद्य
- घरमा पकाएको मिष्ठान्न नैवेद्य
- जनै ५ जोर, र सिङ्गो सुपारी ५ गोटा
- सर्स्यूं, चढाउने फूल - २ बुके,  धतुरोको फुल, भस्म (बिभूती)
- धुप, घ्यूमा भिजाएको बत्ती
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि
- शिजीलाई चढाउने वस्त्र, उपर्ना  - १।१ थान
- पार्वतीका निमित्त सारी - १
- रक्षा बन्धनको धागो
- केरा, अङ्गूर, स्याउ आदि फल नैवेद्य
- पञ्चामृतः दुध, दही, घ्यू, चिनी, मह
- पार्वतीलाई सौभाग्यको सामान १ जोर
- कलश - १ वटा, तामाको थाली,
- शिवलिंग, जलहरी, त्रिखुट्टी, बाटा,
- सुख्खा फलफूल (पञ्चमेवा)
- सुकेको नरीवल - १ गोटा
- खुद्रा भेटी
- रातो पेपर वा प्लाष्टिक प्लेट - १५
- रातो पेपर वा प्लाष्टिक कचौरा - १५
- प्लाष्टिकको चम्चा - ५ वटा जति
- आल्मुनियम फ्वाइल - १
- पेपर टावेल - १ रोल
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धानुसार

**लाग्ने समय अन्दाजी २ घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ । तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

**श्री (रमा सहित) सत्यनारायण पूजा**

- श्रीखण्ड चन्दन, अवीर, सिंदूर, केशरी, जौ, तिल, दुबो, तुलसी पत्र, नरिवल
- अपुङ्गो (अपूप) नैवेद्य
- घरमा पकाएको मिष्ठान्न नैवेद्य
- जनै ५ जोर, र सिङ्गो सुपारी ५ गोटा
- सर्स्यूं, चढाउने फूल - २ बुके, धुप, बत्ती
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि
- केराको थाम वा पात - ५
- रातो, सेतो पहेँलो वस्त्र
- रक्षा बन्धनको धागो
- केरा, अङ्गूर, स्याउ आदि फल नैवेद्य
- पञ्चामृतः दुध, दही, घ्यू, चिनी, मह
- लक्ष्मी र नारायणलाई चढाउने वस्त्र - १।१ थान
- लक्ष्मीलाई सौभाग्यको सामान १ जोर
- कलश - ५ वटा, तामाको थाली, स्वर्ण प्रतिमा, नारायणको तस्वीर
- सुख्खा फलफूल (पञ्च मेवा)
- सुकेको नरीवल - १ गोटा
- खुद्रा भेटी
- रातो पेपर वा प्लाष्टिक प्लेट - २५
- रातो पेपर वा प्लाष्टिक कचौरा - ५०
- प्लाष्टिकको चम्चा - २० वटा जति
- आल्मुनियम फ्वाइल - १
- पेपर टावेल - १ रोल
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।

**लाग्ने समय अन्दाजी**

**पूजा गर्न - १ देखि १.५ घण्टा**

**कथा श्रवण - १ घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ। तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

## श्री हरितालिका (तीज) तथा ऋषि पञ्चमी

- बत्ती, दियो, तेल
- सानो कलश, पूजा थाली
- सानो शिव लिंग वा शिवजीको तस्वीर (तीज पूजामा मात्र)
- गणेशको सानो मूर्ति वा फोटो
- अबीर, सिंदूर, केशरी (पहेँलो चन्दन), जौ तिल, कुश,
- जनै २ जोर, सिंगो सुपारी ३ गोटा
- रंगी बिरंगी फूल - १ बुके, दूबो, तुलसी पत्र, बेल पत्र
- पञ्चामृत (सानो सिसीमा)
- केरा, अंगूर, मिठाई नैवेद्य
- रातो, पहेँलो बस्त्रका साना टुक्रा
- गोदान, पूर्णपात्र दान
- यथाशक्ति सिदा, दक्षिणा दान
- मन्दिरले उपलब्ध गराउने सामानः कुश, गंगाजल, रक्षा बन्धन, सलाई, पानी, आसनी, पेपर प्लेट, पेपर कचौरा, प्लाष्टिक चम्चा, पेपर टावेल
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।

**लाग्ने समयः प्रत्येक चक्रको लागि अन्दाजी एक एक घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ । तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

**व्रतबन्धः**

- श्रीखण्ड चन्दन, अवीर, सिंदूर, केशरी, जौ, तिल, फूल, दुबो, पान, नरिवल, कपूर
- जनै र सिङ्गो सुपारी १५।१५ गोटा
- सर्स्यूं, चढाउने फूल, धुप, बत्ती, आँप पिपलको पात
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि
- लगाउने (दूवो, फूलको) माला - १।१
- रक्षा बन्धन
- रातो, सेतो, पहेँलो वस्त्र
- केरा, अङ्गूर, स्याउ आदि फल नैवेद्य
- पञ्चामृतः दुध, दही, घ्यू, चिनी, मह
- घरमा पकाएको नैवेद्य (कसार, दन्यौरा, सेल आदि)
- पूजाको भाँडा - शंख, घण्ट, दियो, पञ्चपात्र, आचमनि, पञ्चामृत कचौरी
- तामाको कलश - ५
- नयाँ कैंची - १
- पहेँलो मेखला, दुम्सीको काँडा, टेक्ने लाठी - २, पहेँलो झोली - २, मृगचर्म - १
- काँसको थाल र कचौरा - १।१
- भिक्षा (भीख) दिने चामल र फलफूल, सुपारी, खुद्रा मुद्रा
- भिक्षा थाप्ने सोली
- गुरुलाई वस्त्र
- हवन सामग्री १ प्याकेट
- हवन गर्न घ्यू १ पाउण्ड जति
- सुकेको नरीवल - १ गोटा
- खुद्रा भेटी
- रोतो पेपर वा प्लाष्टिक प्लेट र कचौरा - २५।२५ थान
- आल्मुनियम फ्वाइल - १
- जप्ने माला
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।

**लाग्ने समय अन्दाजी ३ घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ । तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

## गृह प्रवेश (घर पूजा)

- अपुंगो (अपूप) नैवेद्य
- श्रीखण्ड चन्दन, अवीर, सिंदूर, केशरी, जौ, तिल, फूल, दुबो, कपूर
- जनै १४ जोर, सिङ्गो सुपारी १४ गोटा
- सर्स्यूं, चढाउने फूल, धुप, बत्ती
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि
- आँप पिपलको पात, बेल पत्र, तुलसी पत्र
- रातो, सेतो, पहेँलो वस्त्र
- केरा, अङ्गूर, स्याउ आदि फल नैवेद्य र नरिवल
- घरमा पकाएको मिष्ठान्न पकवान नैवेद्य
- पञ्चामृतः दुध, दही, घ्यू, चिनी, मह
- रक्षा बन्धनको धागो
- लक्ष्मीलाई सौभाग्यको सामान - १ जोर
- हवन सामग्री १ प्याकेट
- हवन गर्न घ्यू १ पाउण्ड जति
- सुकेको नरीवल - १ गोटा
- नवग्रह अन्नको पोका - १
- नवग्रह पूजाको लागि सुपारी - ९
- खुद्रा भेटी
- कलश - ५
- सेतो पेपर वा स्टेराफोम प्लेट र कचौरा - २५।२५ थान
- आल्मुनियम फ्वाइल - १
- प्लाष्टिक चम्चा - ७
- पेपर टावेल
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।

**लाग्ने समय अन्दाजी ३ घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ । तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

**<u>जन्मोत्सब</u>**

- श्रीखण्ड चन्दन, अवीर, सिंदूर, केशरी, जौ, तिल, फूल - १ बुके, दुबो, कपूर, सखर
- जनै ५ जोर, सिङ्गो सुपारी १४ गोटा
- सर्स्यूं, चढाउने फूल, धुप, बत्ती
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि
- पञ्चपल्लव, आँप पिपलको पात, बेल पत्र, तुलसी पत्र
- रातो, सेतो, पहेँलो वस्त्र
- केरा, अङ्गूर, स्याउ आदि फल नैवेद्य र नरिवल
- घरमा पकाएको मिष्ठान्न पकवान नैवेद्य
- पञ्चामृतः दुध, दही, घ्यू, चिनी, मह
- रक्षा बन्धनको धागो
- दूबो वा फुलको माला - १
- हवन सामग्री १ प्याकेट
- हवन गर्न घ्यू ८ औंस जति
- दाल, चामल, बेसार, फलामको टुक्रा
- खुद्रा भेटी
- रातो पेपर वा प्लाष्टिकको प्लेट र कचौरा - १५।१५ थान
- आल्मुनियम फ्वाइल - १
- प्लाष्टिक चम्चा - ५
- पेपर टावेल - १ रोल
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।
- मन्दिरमा पूजा गर्ने भएमा मन्दिरमा स्थापित देवी अथवा देवतालाई चढाएर लगाइदिन वस्त्र १ जोर (आफ्नो गच्छे र श्रद्धा अनुसार)

**लाग्ने समय अन्दाजी १ घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ । तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

**चौरासी (जंखु) पूजा विधि सहित**

- अपुंगो (अपूप) नैवेद्य
- श्रीखण्ड चन्दन, अबीर, सिंदूर, केशरी, जौ, तिल
- जनै ३१ जोर, सिङ्गो सुपारी ३१ गोटा (नव ग्रह पूजाको लागि ९ वटा सुपारी सहित)
- सर्स्यूं, चढाउने फूल, दूवो, धुप, बत्ती, तेल
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि
- रक्षा बन्धनको धागो, काँचो नरिवल
- आँप पिपलको पात, बेल पत्र, तुलसी पत्र
- रातो, पहेंलो, सेतो वस्त्र
- केरा, अङ्गूर, स्याउ आदि फल नैवेद्य, घरमा पकाएको पक्वान्न नैवेद्य
- पञ्चामृतः दुध, दही, घ्यू, चिनी, मह
- लक्ष्मीलाई सौभाग्यको सामान - १ जोर
- चाँदीको प्रतिमा - १६ वा ८४ थान, तामाको कलश - ५
- हवन सामग्री १ प्याकेट र हवन गर्न घ्यू २ पाउण्ड जति
- जटा नरीवल र सुकेको नरीवल - १।१ गोटा
- नव ग्रह अन्नको पोका - १
- खुद्रा भेटी
- दानगर्ने प्रयोजनको लागिः दही चामल, श्री खण्ड, कपूर, संख, सेतो कपडा आदि
- यथाशक्ति शैय्या दान वा दम्पति पूजा
- राता वा सेता पेपर वा प्लाष्टिकका प्लेट र कचौरा प्रत्येक - २५।३० थान
- प्लाष्टिक चम्चा - ५।७ गोटा
- आल्मुनियम फ्वाइल - १
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।

**पूजा बिधिः**

अघिल्लो दिन वा उसै दिन (पुर्वाङ्ग) दियो, कलश, गणेश, मातृका, नव ग्रह, वस्तु पूजा, २ हातको बेदीमा सेतो कपडा बिच्छ्याई विचमा (८१ कोठा बनाई) सर्वतो भद्र लेखी चन्द्रमाको चाँदीको कलश विचमा स्थापना गरी चाँदीको थालिमा १६ दल कमल लेखी चन्द्रमाको १६ कलाको पूजा गर्ने र त्यहीँ चन्द्रहरिको पूजा गर्ने ।

हवन वेदी बनाई चन्द्रमाको मन्त्रले १००८ वा १०८ हवन गर्ने, ८४ सिद्धलाई ८।८ आहुति हवन गर्ने । नव ग्रह, वस्तु मातृकाको हवन गर्ने, ८४ वा १० गोदान गर्ने, खट्वा रोहण वा मन्दिर दर्शन गर्न जाने । वेद, पाञ्चायन स्तोत्र, चन्द्र उत्पत्ति कथा (मत्स्य पुराणको २३औं अध्याय)को पाठ

**लाग्ने समय अन्दाजी ४ घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ । तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

**श्री नव ग्रहः**

- श्रीखण्ड चन्दन, अवीर, सिंदूर, केशरी, जौ, तिल, दुबो,
- जनै र सिङ्गो सुपारी ९।९ गोटा
- चढाउने फूल, धुप, बत्ती, सस्यूँ
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि
- रक्षा बन्धनको धागो
- नौरङ्गी कपडा, फलाम, तिल, मास
- केरा, अङ्गूर, स्याउ आदि फल नैवेद्य
- पञ्चामृतः दुध, दही, घ्यू, चिनी, मह
- चामल, तिल, जौ, मुगी, मास, मुसुरो, गहत, धान, चना अथवा नव ग्रह अन्नको पोका
- खुद्रा भेटी
- राता पेपर अथवा प्लाष्टिकको प्लेट र कचौरा - १५।१५ थान
- प्लाष्टिक चम्चा - १० गोटा
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।

**पूजाको लागि लाग्ने समय अन्दाजी १ घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ। तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

**<u>मातृका पूजा</u>**

- पूजा सामानः अवीर, सिंदूर, केशरी, जौ, तील, धुप, बत्ती, सस्युँ
- पानको पात, नरीवल (पानी भएको)
- सिंगो सुपारी - १५, जनै ५ वटा,
- रक्षा बन्धनको धागो
- पञ्चामृत - दूध, दही, घ्यू, चीनी, मह
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि
- केरा, अंगूर आदि फल नैबेद्य
- रातो, पहेँलो वस्त्र
- सौभाग्य सामग्री - सिन्दूर, पोते, धागो, चुरा आदि
- मातृकालाई चुन्नी, साडी वा वस्त्र (गच्छे र श्रद्धा अनुसार)
- घ्यूमा भिजाएको बत्ती, धूप
- चढाउने रातो, पर्हेलो फुल - २ बुके
- पूर्णपात्र, दक्षिणा
- रातो पेपर वा प्लाष्टिकको प्लेट १०, र कचौरा - १५ गोटा
- प्लाष्टिक चम्चा - १० वटा जति
- आल्मुनियम ट्रे - २
- आल्मुनियम फ्वायल - १,
- पेपर टावेल - १ रोल
- खुद्रा, भेटीको लागि
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।

**लाग्ने समय अन्दाजी - १ घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ । तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

## शनि (ग्रह) पूजा

- कालो कपडा
- श्रीखण्ड चन्दन, अवीर, सिंदूर, केशरी, जौ, तिल, धूप, निलो रङ्गको फूल
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि
- केरा, अङ्गूर आदि फल नैबेद्य
- बत्ती, दूबो, सस्यूँ,
- पञ्चामृत - दूध, दही, घ्यू, चीनी, मह
- जनै ९ जोर, सिङ्गो सुपारी - ९ गोटा,
- सेतो पेपर (स्टेराफोम) प्लेट - १५
- खुद्रा भेटी
- प्लाष्टिकको चम्चा - ७
- हवन सामग्री प्याकेट - १
- हवन गर्न घ्यू ८ औंस जति
- आलुमिनम फ्वायल - १
- पेपर टावेल - १ रोल
- सुकेको नरीवल - १
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।

## शनि मंगल शान्तिको लागि सामानः

- **शनिको लागिः** कालो कपडा, तेल, फलाम, तिल, मास
- **मंगलको लागिः** मुसुरो, रातो कपडा, तामा, गहुँ

**लाग्ने समय अन्दाजी १ घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ । तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

**श्रीमद्भागवत महापुराण एकाह (ज्ञान महायज्ञ)**

- अपुंगो (अपूप) नैबेद्य
- श्रीखण्ड चन्दन, अवीर, सिंदूर, केशरी, जौ, तिल, फूल, दुबो, पान, कपूर
- जनै २५ जोर र सिङ्गो सुपारी २५ गोटा
- सर्स्यूं, चढाउने धुप, बत्ती, आँप पिपलको पात, पानको पात
- सप्तमृत्तिका, पञ्चरत्न, सर्वौषधि
- फूल - ५ वटा बुके
- रातो, सेतो, पहेँलो वस्त्र
- केरा, अङ्गूर, स्याउ आदि फल नैवेद्य
- पञ्च मेवा (काजू, बदाम, किसमिस, छोहडा, पेस्ता)
- घरमा पकाएको मिष्ठान्न नैवेद्य
- पञ्चामृतः दुध, दही, घ्यू, चिनी, मह
- लक्ष्मीलाई सौभाग्यको सामान १ सेट
- चढाउनको लागि उपर्ना वस्त्र
- तामाको कलश - ५
- हवन सामग्री १ प्याकेट
- हवन गर्न घ्यू २ पाउण्ड जति
- नवग्रह पूजाको लागि सिंगो सुपारी - ९ गोटा
- नव ग्रह अन्नको पोका - १
- पानी (जटा) नरीवल - ५ गोटा
- सुकेको नरीवल - ३ गोटा
- खुद्रा भेटी
- रोतो पेपर वा प्लाष्टिक प्लेट र कचौरा - ५०।५० थान
- प्लाष्टिक चम्चा १०० थान
- आल्मुनियम फ्वाइल - १
- पेपर टावेल - ५ रोल जति
- पाठ गर्ने ७ जना, गणेश १ जना समेत ८ जना ब्राह्मणलाई धोती, उपर्ना र टोपी ८।८ थान
- मध्यान्हमा खाना, दुध, फलफूल, साबुदानाको पायस
- बेलुकाको खाना - रोटी, तरकारी

**लाग्ने समय दिनभरी - ८ घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ। तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो।***

# पूजा सामग्रीहरुको बिवरण

**<u>सवारी साधन (मोटर) पूजा</u>**

- अवीर, केशरी, जौ, तिल, धूप, फूल, सलाई वा लाइटर
- रक्षा बन्धनको धागो
- जनै २ जोर, सिंगो सुपारी २
- कागती ४ गोटा
- पानी (जटा) नरीवल - १
- मिठाई, फल, प्रसाद
- घण्टी, जल पात्र, पूजाको थाली
- दक्षिणा भेटी

**लाग्ने समय १५ देखि २० मिनेट जति**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ। तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो।***

# पूजा सामग्रीहरुको बिवरण

## एकोद्दिष्ट श्राद्ध

- श्रीखण्ड चन्दन, केशरी, जौ, तिल कपूर, सेतो या पहेँलो फूल, तुलसी पत्र
- जनै र सिङ्गो सुपारी ३।३ गोटा
- सिदा २ भाग (चामल, दाल, तरकारी, घ्यू, फलफूल आदि)
- धुप, बत्ती, तेल, गङ्गा जल
- सेतो कपडा १ गज वा मिटर
- केरा, अङ्गूर, स्याउ आदि फल नैवेद्य
- पञ्चामृतः दुध, दही, घ्यू, चिनी, मह
- पिण्डको निमित्त चामलको पायस अथवा जौको पीठो
- खुद्रा भेटी
- घरमा पकाएको नैवेद्य, फुरौला आदि
- सेतो पेपर वा स्टेराफोम प्लेट र कचौरा - ११।११ थान
- आल्मुनियम फ्वायल - १
- आल्मुनियम ट्रे - २
- पेपर टावेल - १ रोल
- प्लाष्टिक चम्चा - ७
- सिदा १ भाग (चामल, दाल, घ्यू, नून, बेसार, साग सब्जि, फलफूल, र द्रव्य) श्रद्धा अनुसार ।

**लाग्ने समय करीब १.५ (डेढ) घण्टा**

***स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ। तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।***

# पूजा सामग्रीहरुको बिवरण

**<u>नान्यमुखी श्राद्धको सामग्री</u>**

- श्रीखण्ड, केशरी, जौ तिल आदि पूजा सामग्री
- पञ्चामृतको लागि दुध, दही, घ्यु, मह, चिनी
- पहेँलो अथवा सेतो फुल
- चामल १ पाउण्ड जति (दियोको लागि)
- सेतो वस्त्र (१ गज जति)
- सिदा ७ भाग (दाल, चामल, आलु, साग सव्जी, फलफुल) - लसुन, प्याज, भटमास, विस्कुट, चाउ चाउ आदि नहाल्ने ।
- फलफुल तथा मिष्टान्न (मिठाई)
- जनै र सुपारी ७७
- ब्राम्हण भोजनको लागि सिदा
- सेतो (फोमको) कचौरा, प्लेट, र चम्चा १०।१०

**लाग्ने समय करीब ४५ मिनेट**

*स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ । तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो ।*

# पूजा सामग्रीहरुको बिवरण

## अन्येष्ठि (शव दाहन पूर्व र तत्पश्चात गरिने) कर्म

- सेतो कपडा ३ गज, पिताम्बर ३ गज, रामनामी ओढनी - १
- शवलाई चढाउने माला, फुल, अबीर
- जौ तिल, कुश, श्रीखण्ड, केशरी, कपूर
- तुलसी पत्र, सेतो फूल, गङ्गाजल, गाइको गहुँत, सुनको प्रतिमा
- धुप, बत्ती, घ्यू, धानको लावा (लाजा), जौको पिठो
- केरा, सुन्तला, अङ्गूर आदि फलफुल
- शंख (बजाउने)
- जनै - ८ जोर, सिङ्गो सुपारी - ६ गोटा
- खुद्रा मुद्रा (क्वाइन)
- सेतो पेपर प्लेट, सेतो कचौरा १५।१५ वटा
- प्लाष्टिक चम्चा - १ दर्जन जति
- आल्मुनियम फ्‌वाइल
- अरु आफ्‌नो चलन अनुसार

*स्मरणार्थ - बिशेष गरेर अत्यधिक अबीरको प्रयोग, धूप र बत्ती धुँवाँले बातावरण र स्वास्थ्यमा समेत प्रतिकूल असर गर्छ। तसर्थ थोरै थोरै मात्रामा अबीर, घ्यूमा भिजाएको बत्ती र धूप प्रयोग गर्दा बेस, र सकेसम्म कपूर बत्ती नबाल्दा राम्रो।*